आज मिति २०८० साल मंसिर महिनाको २७ गते बुधवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयमा छलफल गर्नका लागी नगर कार्यपालिकाको "उनान्तीसौं" बैठक बसी तपसील बमोजिमको उपस्थिति मा तपसील बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :-

| | | |
|---|---|---|
| १, | नगर प्रमुख - | श्री गुमान सिंह अर्याल |
| २, | उप - प्रमुख - | श्री पद्मा गुरुङ |
| ३, | प्र. प्र. अधिकृत - | श्री चेतनाथ अर्याल |
| ४, | वडा अध्यक्ष (१) - | श्री दुर्गा बहादुर बुढाथोकी |
| ५, | —"— (२) - | श्री मदन बहादुर राना |
| ६, | —"— (३) - | श्री चित्र बहादुर दर्नाई |
| ७, | —"— (४) - | श्री राम बहादुर गुरुङ |
| ८, | —"— (५) - | श्री इन्द्र बहादुर गुरुङ |
| ९, | —"— (६) - | श्री प्रकाश थापा |
| १०, | —"— (७) - | श्री ऋषिराम बस्नेत |
| ११, | —"— (८) - | श्री पवित्रा थापा राना |
| १२, | —"— (९) - | श्री खुशिजङ गुरुङ |
| १३, | —"— (१०) - | श्री गंगा बहादुर थापा |
| १४, | —"— (११) - | श्री शिव प्रसाद जोशी |
| १५, | कार्यपालिका सदस्य- | श्री हिरालाल विश्वकर्मा |
| १६, | —"— | श्री श्रीनाथ दुलाल |
| १७, | —"— | श्री कल्पना थापा बोहरा |
| १८, | —"— | श्री विमला न्यौपाने अधिकारी |
| १९, | —"— | श्री सुकमाया गुरुङ |
| २०, | —"— | श्री सुक माया घर्ति |
| २१, | —"— | श्री मनिता परियार |

सहजकर्ता कर्मचारी

| | | |
|---|---|---|
| २२, | कार्यक्रम अधिकृत | श्री महेन्द्र पोखरेल |
| २३, | सहायक प्रशासकीय अधिकृत | श्री गोबिन्द बहादुर राउत |

गुमान सिंह अर्याल
नगर प्रमुख

नगरपालिका कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०८/२७ गतेको बैठक

## बेसीशहर नगर कार्यपालिकाको कार्यालय
## लमजुङ, गण्डकी प्रदेश, नेपाल

### नगर कार्यपालिकाको मिति २०८०/०८/२७ गतेको बैठकका प्रस्तावहरु

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।

२. चौधौं नगरसभा अधिवेशन/ दोश्रो नगरसभाको चौथो अधिवेशन सम्बन्धमा ।

३. सडक बोर्डतर्फको चालु आ.व.२०८०/०८१ को कार्यक्रम सम्बन्धमा ।

४. युवा सीपमूलक कार्यक्रम सम्बन्धमा ।

५. कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धमा ।

- प्रथम चौमासिक प्रगति समीक्षा गोष्ठी
- जेष्ठ नागरिक हेरचाहकर्ता सम्मान कार्यक्रम
- नगरस्तरीय महिला सञ्जाल गठन कार्यक्रम
- सार्वजनिक सुनुवाई
- मानसिक स्वास्थ्य सम्बन्धी शिविर सञ्चालन २०८० पौष ७ गते नगरपालिकामा
- उपभोक्ता समितिको क्षमता अभिबृद्धि अभिमुखीकरण

६. विशेष अनुदान मागको लागि कृषि र पशुसेवा क्षेत्रको प्रस्ताव तयार गर्ने सम्बन्धमा ।

७. संस्थागत क्षमता स्वमूल्याङ्कन र वित्तिय सुशासन जोखिम मूल्याङ्कन सम्बन्धमा।

८. प्रथम चौमासिक अवधीको आय व्यय विवरण सम्बन्धमा ।

९. गोरुपालक कृषक सम्मान कार्यक्रम सम्बन्धमा ।

१०. वडास्तरीय योजना/कार्यक्रम संशोधन सम्बन्धमा । (वडा नं ११, १०, ९,५,१, २ र ६)

११. अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।

१२. विविध

- विमा गराउने दर्ता सहयोगीहरुको सम्बन्धमा ।
- मध्यम अपाङ्गता (पहेंलो कार्ड) भएकाहरुको अद्दावधिक विवरण
- योजना सम्झौताको लागि ताकेता गर्ने सम्बन्धमा ।
- प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धमा ।
- वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा डिजिटल हाजिरी जडान गर्ने सम्बन्धमा ।
- रा.बा. बैंकको एक्स्टेन्सन काउण्टर राख्ने सम्बन्धमा। (वडा नं ११)
- अनमी सुस्मिता थापाको सम्बन्धमा ।
- त्रिवेणी कपको सम्बन्धमा ।
- थप विदा स्वीकृत सम्बन्धमा ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०८/२७ गतेको बैठक

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०८०/०७/२२ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं २ : चौधौं नगरसभा अधिवेशन (दोश्रो नगरसभाको चौथो अधिवेशन) सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको चौधौं नगरसभा अधिवेशन (दोश्रो नगरसभाको चौथो अधिवेशन/ चालु आ.व. २०८०/०८१ को हिउँदे अधिवेशन) मिति २०८०/०९/ १७ गते दिनको ११.०० बजे आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ : सडक बोर्डतर्फको चालु आ.व.२०८०/०८१ को कार्यक्रम सम्बन्धमा ।**

सडक बोर्ड नेपाल मिनभवन, काठ्माण्डौको च.नं. ४६७ मिति २०८०/०८/०१ को प्राप्त पत्रानुसार सडक मर्मत सम्भार गर्न चालु आ.व. को लागि सडक बोर्डबाट रु. ७५ लाख बजेट स्वीकृत भएको हुँदा उक्त रकमलाई ७० प्रतिशत मानी नगरपालिकले ३० प्रतिशत समपुरक कोष समावेश गरी सडक बोर्ड सम्बद्ध ऐन, नियमावली तथा निर्देशिकामा भएका व्यवस्था पालना गरी देहायको सडक आयोजना मर्मत सम्भार र स्तरोन्नतिको लागि छनौट गर्ने निर्णय गरियो ।

**देहाय**

१. रिठ्ठेबगर-भकुण्डे-तिलाहार सडक स्तरोन्नति, बेसीशहर नगरपालिका ११

**निर्णय नं ४ : युवा सीपमूलक कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत युवा सीपमूलक कार्यक्रम सञ्चालनको लागि देहायका सीपमुलक तालिमहरु सञ्चालन गर्ने र सो को लागि ३० दिनको म्याद राखी निवेदन संकलन गर्ने निर्णय गरियो ।

देहाय

१. ब्युटिसियन तालिम आधारभुत, ३९० घण्टे, २० जना
२. हलुका सवारी चालक तालिम आधारभुत, ३० दिने, २० जना
३. प्लम्बिङ तालिम आधारभुत, ३९० घण्टे, २० जना
४. इलेक्ट्रिसियन तालिम आधारभुत, ३९० घण्टे, २० जना
५. कुकिङ तालिम आधारभुत, ३० दिने, २० जना
६. सिलाइकटाइ तालिम एडभान्स, १५ जना
७. ब्युटिसियन तालिम एडभान्स, १५ जना

**निर्णय नं ५ : कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाले तत्काल गर्नुपर्ने देहायका कार्यक्रमहरु देहायको मितिमा सञ्चालन गर्ने निर्णय गरियो ।

(क) प्रथम चौमासिक प्रगति समीक्षा गोष्ठी : २०८० पुस ५ गते बिहीबार

...मान सिंह अर्याल
...नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०८/२७ गतेको बैठक**

(ख) जेष्ठ नागरिक हेरचाहकर्ता सम्मान कार्यक्रम : २०८० पुस १८ गते बुधबार
(ग) नगरस्तरीय महिला सञ्जाल गठन कार्यक्रम : २०८० माघ ५ गते शुक्रबार
(घ) सार्वजनिक सुनुवाई : २०८० माघ ७ गते आइतबार, सदरमुकाम बेसीशहरमा गर्ने ।
(ङ) मानसिक स्वास्थ्य सम्बन्धी शिविर सञ्चालन : २०८० पुस ७ गते शनिबार नगरपालिकामा ।
(च) उपभोक्ता समितिको क्षमता अभिबृद्धि अभिमुखीकरण : वडाहरुसंगको समन्वयमा मिति तोकिने ।

**निर्णय नं ६ : विशेष अनुदान मागको लागि कृषि र पशुसेवा क्षेत्रको प्रस्ताव तयार गर्ने सम्बन्धमा ।**
राष्ट्रिय योजना आयोगले हरेक आर्थिक बर्षको पुस महिनामा विशेष र समपुरक आयोजना /कार्यक्रमको लागि स्थानीय तहबाट प्रस्ताव माग गर्ने भएको हुँदा सो अन्तर्गत विशेष अनुदानको लागि कृषि/पशु क्षेत्रबाट प्रस्ताव तयार गर्न कृषि/पशु शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ७ : संस्थागत क्षमता स्वमूल्याङ्कन र वित्तिय सुशासन जोखिम मूल्याङ्कन सम्बन्धमा।**
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाको च.नं. २०१ मिति २०८०/०८/०८ र श्रोत परिचालन समन्वय शाखाको मिति २०८०/०७/१३ च.नं. २२ को प्रास पत्रानुसार उक्त मन्त्रालयले जारी गरेको स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ वमोजिम गत आ.व. २०७९/०८० को स्वमूल्याल्याङ्कन कार्य र स्थानीय तहको वित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ एवम् स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि २०७९ वमोजिमको वित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्य २०८० पुस मसान्त भित्र सम्मन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ८ : प्रथम चौमासिक अवधीको आय-व्यय विवरण सम्बन्धमा ।**
यस बेसीशहर नगरपालिकाको चालु आ.व.२०८०/०८१ को प्रथम चौमासिक अवधीको देहाय वमोजिमको आय व्यय विवरण (विस्तृत विवरण अनुसूचीमा संलग्न) आर्थिक प्रशासन शाखा प्रमुखबाट यस कार्यपालिका बैठकमा प्रस्तुत भै जानकारी भयो।

**आयतर्फ**

कुल प्रस्तावित आय : रु. ७७ करोड २० लाख ५० हजार
वास्तविक आय : रु. १९ करोड ८० लाख ७७ हजार ०९६ ( २५.६५%)

**व्ययतर्फ**

कुल चालु खर्च : रु.१० करोड ८३ लाख २८ हजार ४३२
पुंजीगत खर्च : रु. १ करोड ६८ लाख २४ हजार ३८१
कुल खर्च रु : १२ करोड ५१ लाख ५२ हजार ८१३ ( १६.२१%)

**निर्णय नं ९ : गोरुपालक कृषक सम्मान कार्यक्रम सम्बन्धमा ।**
यस नगरपालिका भित्रका १०० जना गोरुपालक कृषकहरुलाई रु. १० हजारका दरले प्रोत्साहन अनुदान उपलब्ध गराउने नगरसभाको स्वीकृत कार्यक्रम अनुसार देहायको मापदण्डको आधारमा देहायको वडागत संख्यामा कृषकहरु छनौट गरी मिति २०८० माघको पहिलो हसाभित्र सम्मान कार्यक्रम सम्पन्न गरिसक्ने निर्णय गरियो ।

...मान सिंह अर्याल
...नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०८/२७ गतेको बैठक**

**(अ) छनौटका आधारहरु**

(क) गोरुधनी स्वयं खेत जोत्ने कार्यमा संलग्न भएको ।

(ख) खेत जोत्ने कार्यबाट जिविकोपार्जन गरी परिवार पालेको ।

(ग) अर्काको खेत जोत्ने कार्यमा संलग्न भएको । (आफ्नो मात्र खेत जोत्नेले नपाउने)

(घ) घरायसी आर्थिक अवस्था कमजोर भएको ।

(ङ) उक्त घर परिवारले हाते ट्याक्टर नलिएको र गोरु पालेको कम्तिमा १ बर्ष भएको ।

**(आ) हलगोरु तथा सम्मानको लागि छनौट गर्नुपर्ने कृषकको संख्या सम्बन्धी विवरण**

| वडा नं | जम्मा हलगोरु संख्या | छनौट गर्नुपर्ने कृषक संख्या | वडा नं | जम्मा हलगोरु संख्या | छनौट गर्नुपर्ने कृषक संख्या |
|---|---|---|---|---|---|
| १ | ४३ | ७ | ७ | ७ | १ |
| २ | ६० | १० | ८ | २ | ० |
| ३ | ४६ | ८ | ८ | ३८ | ६ |
| ४ | ५२ | ९ | १० | ८० | १४ |
| ५ | ६९ | १२ | ११ | १२५ | २१ |
| ६ | ६८ | १२ | जम्मा | ५९० | १०० |

**निर्णय नं १०: वडास्तरीय योजना ब्रेक डाउन/संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०८०/०८१ का देहायका वडास्तरीय योजना तथा कार्यक्रमहरुलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १. खेलकुँद कार्यक्रम सञ्चालन/खेलसामाग्री सहयोग, बेनपा ११ | २५०००० | १.१ ~~समाजसेवा युवा क्लव~~, बेनपा ११<br>१.२ चिती युवा क्लव खेलकुँद, बेनपा ११<br>१.३ मेयरकप सहभागी खेलाडी खाजा, यातायात, खेल पोशाक र सामग्री, बेनपा ११<br>१.४ खेलकुँद सामाग्री खरिद देवी भैरवी युवा क्लव बगैंचा/बजारखुट्टा, बेनपा ११ | १०००००<br>५००००<br>८००००<br>२०००० |
| २.फुटकरतर्फ, बेनपा १० | ५००००० | २.१ नारायण प्रा.वि.स्तरोन्नति, बेनपा १०<br>२.२ भविष्य निर्माण प्रा.वि. स्तरोन्नति, बेनपा १०<br>२.३ गणेश प्रा.वि.स्तरोन्नति<br>२.४ बुद्धि विकास प्रा.वि. स्तरोन्नति | १०००००<br>१०००००<br>५००००<br>५०००० |
| ३. लक्षित वर्ग तथा विविध कार्यक्रम, बेनपा ९ | ५००००० | ३.१ अनुगमन खर्च, बेनपा ९<br>३.२मुक्ति मिलन प्रा.वि.-खोर्मे डाँडा सडक | ९३७०<br>१०००० |

... सिंह अयाल
... नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०८/२७ गतेको बैठक**

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | स्तरोन्नति, बेनपा ९<br>३.३पोखरीटोल भवनघर माथि पहिरो नियन्त्रण (प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी), बेनपा ९ | ३०००० |
| ४.१ वडा कार्यालय भवन ट्रस निर्माण, बेनपा ९<br>४.२ फोहर व्यवस्थापन,कन्टेनर डस्टविन खरिद, बेनपा ९ | ३०००००<br>१५०००० | ४ वडा कार्यालय मर्मत, बेनपा ९ | ४५०००० |
| ५. रिठबोटे-साठीकुना सडक, बेनपा २ | १००००० | ५. साठीकुना मोटरबाटो निर्माण, बेनपा २ | १००००० |
| ६. विद्यालय डिजिटल शिक्षण सिकाई प्रणाली व्यवस्थापन, पुर्वाधार सुधार तथा शिक्षक क्षमता अभिबृद्धि कार्यक्रम, बेनपा २ (२०८०/०६/११ कापा बैठक नि नं ९) | ६००००० | ६.१ बालकल्याण मा.वि.को शौचालय भवन र कम्पाउण्ड वाल मर्मत, बेनपा २ | १५०००० |
| ७.वडा युवा परिषद तथा क्षमता अभिबृद्धि/वडाध्यक्ष कप र युवा जागृति कार्यक्रम, बेनपा २ | २७०००० | ७.१ मेयरकप फुटबल खेल खर्च, बेनपा २ | ५०००० |
| ८. फुटकर योजना तथा विविध कार्यक्रम, बेनपा १ | ४००००० | ८.१योजना अधिकारीको घरको शौचालय मर्मत, बेनपा १<br>८.२ काशिराम परियारलाई आकस्मिक एम्बुलेन्स सेवा, बेनपा १<br>८.३ चौथो मेयर कपमा खेलाडीहरुलाई यातायात खर्च, बेनपा १(खाजा खर्च समेत)<br>८.३ चौथो मेयरकपमा विजयी टिमलाई सम्मान कार्यक्रम | ५०००<br>१५५००<br>३००००<br>२०२०० |
| ९.तिन मकैडाँडा-मरनघाट सडक, बेनपा ६ | ७००००० | ९.तिन मकैडाँडा-मरनघाट गोरेटोबाटो निर्माण, बेनपा ६ | ७००००० |
| १०.१ सेरा खानेपानी निर्माण, बेनपा ६<br>१०.२ मानेस्वाँरा सेरा सडक, बेनपा ६(नगरस्तरीय) | २५००००<br>५००००० | १०. मानेस्वाँरा-सेरा सडक स्तरोन्नति, बेनपा ६ | ७५०००० |
| ११.विपद् व्यवस्थापन/राहत, उद्धार प्रतिकार्य लगायत, बेनपा ५ | २००००० | ११.१ मधुमान तामाङको छोरीलाई उपचार सहयोग, बेनपा ५ | १०००० |
| १२.विविध कार्यक्रम खर्च, बेनपा | ३९२००० | १२.१ लमजुङ मा.वि. कार्यक्रम सहयोग, | १०००० |

मान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७२

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०८/२७ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| ५ | | बेनपा ३ | |
| | | १२.२ मानव सेवा आश्रम बेसीशहर शाखा | २५००० |
| | | १२.३ तमु ह्युँल छोंज धि गुरुङ राष्ट्रिय परिषद, बेसीशहर | ५००० |
| | | १२.४ वडा कार्यालय पार्टिशन, बेनपा ५ | २५०००० |
| | | १२.५ चौथो मेयरकप सहभागी खेलाडी खाजा, बेनपा ५ | ३५००० |
| १३.जेष्ठ नागरिक तथा विपन्न सहयोग कार्यक्रम, बेनपा ११ | १००००० | १३.१जेष्ठ नागरिक सामुदायिक भवन कम्पाउण्डिङ बेनपा ११ | ५०००० |

**निर्णय नं ११ : अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।**

गत कार्यपालिका बैठक देखि हालसम्म अनुगमन समितिबाट अनुगमन गरिएका आयोजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन नगर उपप्रमुखबाट पेश भई जानकारी प्राप्त भयो ।

**निर्णय नं १२ : स्वास्थ्य विमा गराउने दर्ता सहयोगीहरुको सम्बन्धमा ।**

वडाहरुमा कार्यरत स्वास्थ्य विमा गराउने दर्ता सहयोगीहरुको कार्यसम्पादनको स्तर मापन गरी यदि सन्तोषजनक कार्य गरेको नपाइएमा सचेत गराउने तथा सचेत गराउँदा पनि निस्क्रिय रहेमा नयाँ दर्ता सहयोगी नियुक्तिको प्रक्रियामा जाने निर्णय गरियो ।

**निर्णय नं १३ : मध्यम अपाङ्गता (पहेंलो कार्ड) भएकाहरुको अद्यावधिक विवरण सम्बन्धमा ।**

मध्यम अपाङ्गता भएका व्यक्तिहरुलाई गत आ.व.२०७९।०८० बाट मासिक रु ५००/- का दरले सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन शुरुवात गरिएको र चालु आ.व.मा पनि उक्त कार्यक्रमलाई निरन्तरता दिइएको साथै निजहरुको परिवारको स्वास्थ्य विमा समेत गराउने कार्यक्रम रहेको हुँदा सो को थप अद्यावधिक विवरण सबै वडाहरुले नगरपालिकामा पठाउने निर्णय गरियो ।

**निर्णय नं १४ : योजना सम्झौताको लागि ताकेता गर्ने सम्बन्धमा ।**

उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिने सम्झौता हुन बाँकी रहेका आयोजना तथा कार्यक्रमहरुको सम्झौता यथाशिघ्र सम्पन्न गराउने कार्यमा सम्बन्धित प्राविधिक र वडाहरुको ध्यानाकर्षण गराउने निर्णय गरियो ।

**निर्णय नं १५ : प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धमा ।**

नगरपालिकामा कार्यरत सिभिल प्राविधिकहरुको फिल्ड भत्ताको सम्बन्धमा प्राविधिकहरुबाट फिल्ड भत्ता न्यून भएको गुनासो आएको हुँदा यस सम्बन्धमा अध्ययन गरी आगामी बैठकमा राय पेश गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १६ : स्वास्थ्य संस्थामा डिजिटल हाजिरी जडान गर्ने सम्बन्धमा ।**

नगरपालिका अन्तर्गतका वडा कार्यालय र नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुमा डिजिटल हाजिरी जडान गर्ने कार्यको लागि प्रस्तावना तयार गर्न सूचना प्रविधि अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०८/२७ गतेको बैठक

निर्णय नं १७ : रा.बा. बैंकको एक्स्टेन्सन काउण्टर राख्ने सम्बन्धमा ।

बेसीशहर नगरपालिका वडा नं ११ चिती तिलाहारमा राष्ट्रिय बाणिज्य बैंकले एक्स्टेन्सन काउण्टर राख्न लागेको सन्दर्भमा वडा कार्यालयको स्वामित्वमा रहेको तिलाहारको भवनमा बढीमा २ बर्ष काउण्टर राख्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं १८ : अनमी सुस्मिता थापाको सम्बन्धमा ।

बेसीशहर नगरपालिका ५ नाल्मा बर्थिङ सेन्टरको लागि नियुक्त भई पछि बेनपा ११ रामचोकबेसी स्थित घुम्ती स्वास्थ्य केन्द्रमा खटाइएकी अनमी सुस्मिता थापालाई नीजले नियमानुसार पाउने सुत्केरी विदा उपलब्ध गराउने र तत् पश्चात हाजिरी भएसम्मको पारिश्रमिक भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं १९ : त्रिवेणी कपको सम्बन्धमा ।

यही २०८० पुसमा बेसीशहर ७ सहजी रंगशालामा सञ्चालन हुने ३१ औं त्रिवेणी कप राष्ट्रव्यापी खुल्ला फुटबल प्रतियोगिताको लागि दोश्रो पुरस्कार व्यहोर्ने गरी नगरसभाबाट रु.३ लाख विनियोजन गरिएको तर यस बर्ष पुरस्कार राशी बृद्धि गरी दोश्रो पुरस्कार रु. ४ लाख पुर्याइएकोले थप रु.१ लाख अन्य खेलकुँद प्रतियोगिता सञ्चालन तथा खेलकुँद सामाग्री सहयोग (प्रदेश समानीकरण) शिर्षकबाट विनियोजन गरी कुल रु. ४ लाख कायम गर्ने निर्णय गरियो ।

निर्णय नं २० : थप विदा स्वीकृत सम्बन्धमा ।

यस नगरपालिकाको कार्यालयमा कार्यरत इन्जिनियर सुजन श्रेष्ठले मिति २०७९।०९।०१ गतेदेखि लागु हुने गरी १ वर्षको लागि बेतलबी अध्ययन विदा लिएकोमा निजले थप १ बर्षको लागि बेतलबी अध्ययन विदा माग गरेको हुँदा नियमानुसार थप १ बर्षको लागि नीजको बेतलबी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख